भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## रोजगार संयोजकको परीक्षा सम्बन्धी सूचना

यस भरतपुर महानगरपालिकाबाट रोजगार संयोजक (अधिकृतस्तर छैठौं) पदको छनौटको लागि मिति २०७६/११/२१ मा प्रकाशित सूचनामा छनौट परीक्षा र अन्तर्वार्ता भनी उल्लेख भएकोमा "रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६" को बुँदा नं. १० मा भएको व्यवस्था बमोजिम देहायको पाठ्यक्रमको आधारमा लिइने सेवा सम्बन्धी र कम्प्युटर सम्बन्धी ५०/५० पूर्णाङ्कको छुट्टा– छुट्टै ३०/३० मिनेटको वस्तुगत बहुउत्तर पद्धतिमा आधारित परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा उम्मेदवारहरुको अन्तिम नतिजा प्रकाशन हुने व्यहोरा सम्बन्धित सबै उम्मेदवारहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षाको पाठ्यक्रम देहाय अनुसार हुनेछः**

**क) सेवा सम्बन्धी**

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,
२. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६
३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु,
४. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) माफर्त रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र चुनौतीहरु,
५. रोजगारी सिर्जनामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरुबीचको सहकार्य र साझेदारी,
६. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया,
७. स्थानीय तहको बजेट तर्जुमा प्रक्रिया, खर्च व्यवस्थापन र लेखापरीक्षण प्रणाली,
८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,
९. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र
१०. आचरण तथा अनुशासन, नैतिकता, सदाचार र भ्रष्टाचार नियन्त्रण ।

**ख) कम्प्युटर सम्बन्धी**

१. Computer Fundamental
२. Operating System
३. Word Processing
४. Electronic Spreadsheet
५. Database Management System
६. Presentation System

..............................
(प्रेमराज जोशी)
प्रमुख प्रशासकीय अधिकृत